नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग

फोन नं. ४५३४११९, ४५११५३७, ४५१९५०१
फ्याक्स (९७७-१)-४५३९९०३
पोष्ट बक्स नं. २५००७
सानोगौचरण काठमाडौं, नेपाल

पत्र संख्या :- ०८२/८३(अनुमतिपत्र महाशाखा)
च. नं. :- १५५६

मितिः २०८३/०१/०८

विषयः विद्युत उत्पादनको अनुमतिपत्र दरखास्त सम्बन्धमा।

श्री नेपाल पोर्टफोलियो इनर्जी प्रा.लि.,
तिनकुने,काठमाडौं, नेपाल।
फोन नः ०१-५१९९४५४

प्रस्तुत विषयमा तहाँबाट प्रवर्द्धित माथिल्लो चुवा लुरुप्या खोला अर्धजलाशययुक्त जलविद्युत आयोजनाको विद्युत उत्पादनको अनुमतिपत्रको दरखास्त सम्बन्धमा पेश भएको थप विवरण सहितको निवेदन माथि कारबाही हुँदा निम्न अनुसारका नपुग कागजात विवरणहरु पुनः ३५ (पैंतीस) दिनको समयावधि भित्र पेश गर्नुहुन अन्यथा यस आयोजनाको विद्युत उत्पादनको अनुमतिपत्रको दरखास्त उपर विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका,२०७५ को दफा २९(१)(क) अनुरुपको कारवाही हुने व्यहोरा यस विभागको मिति २०८३/०१/०४ को निर्णयानुसार जानकारीको लागि अनुरोध छ।

१. उद्योग दर्ता प्रमाणपत्रको नोटराइज प्रतिलिपि ( वैदेशिक लगानीको हकमा सोको स्वीकृति समेत)।
२. स्वीकृत वातावरणीय प्रतिवेदन (EIA) तथा सोको Soft Copy।
३. विभागको Website मा रहेको Networth फारमको ढाँचामा (http://www.doed.gov.np/pages/license-related- documents) आयोजनाको आवश्यक स्वपुंजीलाई पुग्ने गरी प्रवर्द्धक कम्पनीको Networth वा प्रवर्द्धक कम्पनीमा कायम रहेका शेयर होल्डरहरुको चार्टर्ड एकाउन्टेन्टबाट प्रमाणित Cumulative Net Worth वा लगानी गर्न इच्छुक व्यक्ति वा संस्थासङ्ग भएको सम्झौता तथा इच्छुक व्यक्ति वा संस्थाको आर्थिक हैसियत पुष्टि हुने रजिष्टर्ड चार्टर्ड एकाउण्टेण्टबाट प्रमाणित कागजात (UDIN नम्बर सहितको Net Worth एवम नेटवर्थ पुष्टि गर्न लिइएका आधार प्रमाणसहित) र त्यस्तो कागजात प्रमाणित गर्ने चार्टर्ड एकाउण्टेण्टको संस्था दर्ता र कर चुक्ता प्रमाणपत्रको प्रमाणित कागजात।
४. विद्युत जडान सम्झौताको म्याद थप सम्बन्धमा प्रमाणित कागजात।

(वीरेन्द्र पंडित)
इन्जिनियर